# दररेट पेश गर्ने सम्बन्धमा

(प्रथम पटक प्रकाशित मितिः २०८२/०८/०३)

तलकोट गाउँपालिका/जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनावाट तलकोट गाउँपालिकामा सञ्चालित खानेपानी सरसफाइ योजनाहरुका लागि योजनाहरुमा प्रयोग हुने ईनलाइन क्लोरिनेसन सेट सप्लाई, ढुवानी तथा जडान गर्नुपर्ने भएकोले दरभाउपत्र साथ संलग्न परिमाण, दरभाउपत्र साथ उपलब्ध गराइएको स्पेशीफिकेशन वमोजिम तपसिल शर्तहरुको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरबाट निम्न शर्तहरुको अधिनमा रही दररेट पेश गर्न यो सूचना आव्हान गरिएको छ ।

**शर्तहरुः**

१) ईनलाइन क्लोरिनेसन सेट सप्लाई सम्बन्धी दरभाउपत्र फारम तलकोट गाउँपालिकाको कार्यालयको वेभसाइट: www.talkotmun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

२) दरभाउपत्र पेश गर्दा फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र निवेदन साथ संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७औं दिन २०८२/०८/०९ को कार्यालय समयभित्र तलकोट गाउँपालिकाको कार्यालयमा दर्ता गराउनु पर्नेछ वा गाउपालिकाको इमेल ठेगाना talkot.gaupalika@gmail.com, ito.muntalkot@gmail.com मा पठाउनुपर्ने छ ।

३) उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरु संकलन गरी संयुक्त खरिद समितिले गाउँपालिकाको कार्यालयमा उपभोक्ता समितिका खरिद समितिका प्रतिनिधिहरु, गाउँपालिका कार्यालयका प्रतिनिधिहरु, जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

४) दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ ।

५) दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ ।

६) म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

७) दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ ।

८) अन्य शर्तहरु परियोजनाको खरिद कार्यविधि वमोजिम हुनेछ ।

९) यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना सम्बन्धित गाउँपालिकाको सूचना पाटीमा टाँस र सम्बन्धीत गाउँपालिकाको कार्यालयको वेभसाइटबाट गरिनेछ ।

१०) अन्य थप जानकारी चाहिएमा तलकोट गाउँपालिकाको खानेपानी सरसफाइ तथा वातवरण शाखामा सम्पर्क गर्न सकिनेछ ।

**संयुक्त खरिद समिति**

Scanned with CamScanner

# BILL OF QUANTITY

तपसिल बमोजिमको दररेटमा तपसिल बमोजिमको ईनलाइन क्लोरीनेशन सेट सप्लाई, ढुवानी तथा जडान कार्य गर्न मंजुर गर्दछु ।

| सि.नं. | विवरण | इकाई | कुल परिमाण | दर | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा | | |
| 1 | Inline chlorination set (Supply online, automatic non-electric water purification before water enters the elevated service reservoirs for water supply schemes. Water purification for rural water supply through ESR or GSR. Cartridge suitable for treating around 25,00,00 liter of water at 1 PPM dosage.) | Set | 1.00 | | | | |
| | **Total** | | | | | | |
| | Vat @13% | | | | | | |
| | **Grand Total** | | | | | | |

हस्ताक्षरः
फर्मको नामः
ठेगानाः
मितिः
छापः

Scanned with CamScanner